# भिमसेनथापा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खान्चोक, गोरखा
गण्डकी प्रदेश

पत्र संख्या(Reference No.) :-०७७/०७८
च.नं. (Dispatch No.) :- ६७२ मिति(Date):२०७७/०८/२३

विषयः मापदण्ड कार्यान्वयन सम्बन्धमा।

श्री वडा कार्यालयहरु (सवै),
श्री शाखाहरु (सवै),
भिमसेनथापा गाउँपालिका, गोरखा ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७७/७८ (योजना तथा अनुगमन शाखा ) च.नं. १६९, मिति २०७७/०८/१७ को पत्रअनुसार कोभिड-१९ को संक्रमणले आर्थिक क्रियाकलाप प्रभावित भई सार्वजनिक स्रोत परिचालनमा थप दबाब श्रृजना भएको र यस रोगको रोकथाम, नियन्त्रण र उपचारको लागि स्वास्थ्य क्षेत्रमा सरकारको खर्च बढाउन , अर्थतन्त्रको पुनरुत्थान गर्न, अनिवार्य दायित्व व्यवस्थापन गर्न तथा निर्माणाधिन आयोजनालाई निरन्तरता दिँदै सार्वजनिक खर्चलाई थप मितव्ययी एवम् नतिजामुखी बनाउन नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०७/२४ को निर्णयानुसार सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धि मापदण्ड,२०७७ को अधिनमा रहि सार्वजनिक खर्च व्यवस्थापन गर्नु हुन भनि लेखि आएको हुँदा सोहि अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

नोटः संलग्न उक्त मापदण्डको soft copy ।

कृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री सूचना तथा प्रविधि इकाईः सम्बन्धित वडा तथा शाखा कार्यालयहरुमा सूचना प्रवाह गरिदिनुहुन ।

Scanned with CamScanner

भिमसेन थापा गाउँपालिका
दर्ता : १४५९
मिति : २०७७।८।१८

# नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन) चलानी नं.: १६६

मिति:२०७७/०८/१७

विषयः- मापदण्ड कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु, (सवै)

प्रस्तुत विषयमा सार्वजनिक स्रोतको बढ्दो माग व्यवस्थापन गर्ने चुनौती रहेको वर्तमान अवस्थामा कोभिड-१९ को संक्रमणले आर्थिक क्रियाकलाप प्रभावित भई सार्वजनिक स्रोत परिचालनमा थप दबाब श्रृजना भएको र यस रोगको रोकथाम, नियन्त्रण र उपचारको लागि स्वास्थ्य क्षेत्रमा सरकारको खर्च बढाउन, अर्थतन्त्रको पुनरुत्थान गर्न, अनिवार्य दायित्व व्यवस्थापन गर्न तथा निर्माणाधिन आयोजनालाई निरन्तरता दिँदै सार्वजनिक खर्चलाई थप मितव्ययी एवम् नतिजामुखी बनाउन "सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड, २०७७" नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०७/२४ को निर्णयानुसार स्वीकृत भएको छ । सो सम्वन्धमा अर्थ मन्त्रालयको च.नं २१५ मिति २०७७/०८/१० को पत्रवाट उक्त मापदण्डको अधिनमा रही सार्बजनिक खर्च ब्यबस्थापन गर्नु हुन भनि लेखि आएको हुँदा सोही अनुसार गर्ने गराउने व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

नोटः उक्त मापदण्ड अर्थ मन्त्रालयको वेव साइटः www.mof.gov.np मा वा नेपाल राजपत्र, खण्ड ७० संख्या ३० मिति २०७७/०८/०८ वाट डाउनलोड गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

(गोविन्द के.सी )
शाखा अधिकृत

वोधार्थः
श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।



Scanned with CamScanner

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, मंसिर ८ गते, २०७७ साल (संख्या ३०


## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको सूचना

### सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७

**प्रस्तावना:** सार्वजनिक स्रोतको बढ्दो माग व्यवस्थापन गर्ने चुनौती रहेको वर्तमान अवस्थामा कोभिड-१९ को सङ्क्रमणले आर्थिक क्रियाकलाप प्रभावित भई सार्वजनिक स्रोत परिचालनमा थप दबाब सिर्जना भएको र यस रोगको रोकथाम, नियन्त्रण र उपचारको लागि स्वास्थ्य क्षेत्रमा सरकारको खर्च वढाउन, अर्थतन्त्रको पुनरूत्थान गर्न, अनिवार्य दायित्व व्यवस्थापन गर्न तथा निर्माणाधीन आयोजनालाई निरन्तरता दिँदै सार्वजनिक खर्चलाई थप मितव्ययी एवं नतिजामुखी बनाउन वाञ्छनीय भएकोले,

Scanned with CamScanner

विनियोजन ऐन, २०७७ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो मापदण्ड बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छः-

(क) संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकार वा प्रदेश सरकारको मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो मातहतको अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय तथा स्थानीय तह,

(ख) नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानून बमोजिम सार्वजनिकस्तरमा स्थापित वा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिको अन्य सङ्गठित संस्था,

(ग) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,



Scanned with CamScanner

(घ) नेपाल सरकार वा प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिको अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(ङ) नेपाल सरकार वा प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था वा आयोजना, र

(च) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था।

३. **बजेट विनियोजन र खर्च विधि:** (१) सार्वजनिक निकायले वार्षिक स्वीकृत कार्यक्रममा परेको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा त्यस्तो विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ। आर्थिक दायित्व सिर्जना हुने विषयमा स्रोत सुनिश्चित नभई निर्णय गर्नु वा गराउनु हुँदैन।

(२) सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नु पर्नेछ।

(३) सार्वजनिक निकायले प्रकाशन गर्नुपर्ने प्रतिवेदन प्रचलित कानून बमोजिम छपाई गरी प्रकाशन गर्नु पर्नेमा बाहेक छपाई नगरी त्यस्तो निकायको वेबसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ।



Scanned with CamScanner

(४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहलगानी वा साझेदारीमा सञ्चालन हुने कार्यक्रम वा आयोजना बाहेकको कार्यक्रम वा आयोजना सञ्चालन गर्दा एक आपसमा दोहोरो नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ। कुनै कारणले कुनै कार्यक्रम वा आयोजना दोहोरो परेको भए नेपाल सरकारबाट सञ्चालित कार्यक्रम वा आयोजना सञ्चालन गर्ने जिम्मा पाएको सम्बन्धित निकायले अर्थ मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा अर्थ मन्त्रालयले त्यस्तो दोहोरो परेको कार्यक्रम वा आयोजना रोक्का गर्नु पर्नेछ।

(६) नयाँ स्थापना हुने कार्यालय र अत्यावश्यक बाहेक साविकको कार्यालयमा फर्निचर तथा फिक्चर्स र कार्यालय सञ्चालन सम्वन्धी उपकरण खरिद गर्न पाइने छैन।

(७) सार्वजनिक निकायले कार्यालय कार्यकक्ष वा सरकारी आवासको सजावट सम्बन्धी खर्च गर्नुपर्दा शहरी विकास मन्त्रालयले बनाएको सरकारी आवास वा कार्यालय कार्यकक्ष सजावट सम्बन्धी मापदण्ड बमोजिम गर्नु पर्नेछ। त्यस्तो मापदण्ड तयार नभएसम्म सजावटमा खर्च गर्न पाइने छैन।

(८) सार्वजनिक निकायले तालिम, गोष्ठी, छलफल, बैठक, अन्तर्क्रिया लगायतको कार्यक्रम अनलाईन प्रविधिको माध्यमबाट सञ्चालन गर्न व्यवस्था मिलाउनु पर्नेछ। नेपाल सरकारको केन्द्रीयस्तरको कार्यालयबाट हुने तालिम, गोष्ठी वा अनुगमन मूल्याङ्कनको लागि तोकिएको कार्यक्रम

सङ्ख्याको कम्तीमा आधा सङ्ख्या अनलाइन प्रविधिको माध्यमबाट सम्पन्न गर्नु पर्नेछ।

(९) भौतिक रूपमा नै उपस्थित भई तालिम, गोष्ठी गर्नु परेमा उपलब्ध भएसम्म सार्वजनिक निकायले आफ्नै सभाहल वा बैठक कक्ष र उपलब्ध नभएमा सार्वजनिक सभाहल वा बैठक हल प्रयोग गर्नु पर्नेछ। नेपाल सरकारको स्रोत वा वैदेशिक ऋणबाट व्यहोर्ने गरी आवासीय रूपमा गोष्ठी वा कार्यशाला आयोजना गरिने छैन।

(१०) सार्वजनिक निकायले अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित पदाधिकारी तथा कर्मचारी मात्र खटाउनु पर्नेछ। त्यसरी खटाउँदा बढीमा तीन जनाको टोली खटाउनु पर्नेछ।

४. <u>सङ्गठन संरचना र पदपूर्ति:</u> (१) विकास समिति, आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र, परिषद् र कम्पनीको पुनरावलोकन गरी कार्य जिम्मेवारीमा दोहोरोपन देखिएका, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारी हस्तान्तरण भइसकेका वा सञ्चालन गरिरहन आवश्यक नदेखिएका संरचनाको पुनर्संरचना वा खारेजीको प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

(२) सार्वजनिक निकायको स्वीकृत दरवन्दीभित्रको कार्यालय सहयोगी र सवारी चालकको पदमा बाहेक ज्यालादारी वा करारमा थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ नियुक्ति गर्न पाइने छैन।

तर सार्वजनिक निकायवाट सञ्चालित आयोजना वा परियोजनाको स्वीकृत अस्थायी दरवन्दीमा करारमा लिई कामकाज गराउन बाधा पर्ने छैन।



Scanned with CamScanner

(३) कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्न पाइने छैन।

(४) उपदफा (२) बमोजिम बाहेक करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा फाजिलमा रहेको कर्मचारीबाट पदपूर्ति गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनु पर्नेछ। फाजिलमा रहेको कर्मचारीबाट तत्काल पदपूर्ति हुन नसकी करारमा लिनु पर्ने भएमा त्यस्तो पदमा करारमा नियुक्ति गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

(५) यस दफा बमोजिम सार्वजनिक निकायले अस्थायी, करार वा ज्यालादारीमा कुनै कर्मचारी नियुक्ति गर्नु परेमा त्यस्तो कर्मचारीले कुनै पद विशेषले पाउने पारिश्रमिक वा सुविधा सरह पाउने नभनी निजले मासिक रूपमा पाउने पारिश्रमिक र सुविधाको रकम तथा नियुक्ति हुने अवधि समेत स्पष्ट तोकेर नियुक्ति गर्नु पर्नेछ।

५. <u>**वैदेशिक भ्रमणः**</u> (१) नेपाल सरकारको स्रोत वा वैदेशिक ऋणबाट खर्च व्यहोरिने गरी वैदेशिक अवलोकन, तालिम वा अध्ययन भ्रमणमा मनोनयन गरिने छैन।

तर द्विपक्षीय तथा बहुपक्षीय वार्ता, अन्तर्राष्ट्रिय सङ्गठनबाट आयोजना हुने बैठकमा मुलुकको प्रतिनिधित्व हुनुपर्ने विषय एवं कुनै अत्यावश्यक कामको लागि वैदेशिक भ्रमणमा मनोनयन गर्नु परेमा अर्थ मन्त्रालयको पूर्व सहमतिमा मात्र मनोनयन गर्नु पर्नेछ। विदेशस्थित गैरसरकारी संस्थाबाट प्राप्त निमन्त्रणाको आधारमा वैदेशिक भ्रमण गर्दा नेपाल सरकारको स्रोतको उपयोग गर्न पाइने छैन।



Scanned with CamScanner

(२) सार्वजनिक निकायको पदाधिकारीले आयोजना सम्बद्ध निर्माण व्यवसायी वा परामर्शदाताको खर्चमा विदेश भ्रमण गर्न पाउने छैन।

६. <u>**भत्ता तथा अन्य सुविधाः**</u> (१) निजी सवारी चालक, भान्छे, निजी सहायक लगायतका कानून बमोजिम प्राप्त हुने सुविधा बापतको रकम सम्बन्धित पदाधिकारीलाई उपलब्ध गराउनु पर्ने अवस्थामा त्यस्तो सुविधा बापतको रकममा शुरू पारिश्रमिक बाहेक महङ्गी भत्ता, पोशाक, चाडपर्व खर्च लगायत अन्य कुनै प्रकारको सुविधा उपलब्ध गराइने छैन।

(२) उपदफा (१) बमोजिमको सुविधा पाउने पदाधिकारीले प्रयोग गर्ने सवारी साधन उपयोगको लागि कार्यालयको तर्फबाट करारमा छुट्टै सवारी चालक नियुक्त गर्न वा कार्यालयको अन्य सवारी चालक उपयोग गर्न पाउने छैन। त्यस्तो सवारी चालक नियुक्त गरेको भए सम्बन्धित पदाधिकारीले सुविधा लिएको महिनादेखि त्यस्तो निजी सवारी चालक राख्न पाइने छैन।

(३) सरकारी वा आफ्नो निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा बापत रकम लिन पाउने छैन। त्यस्तो रकम लिएको भए निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(४) कोभिड-१९ को सङ्क्रमण रोकथामको लागि प्रत्यक्ष रुपमा संलग्न भई अग्रपंक्तिमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मी बाहेक सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गर्दै आएको पोशाक खर्च, महङ्गी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता,



Scanned with CamScanner

जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायतका कुनै प्रकारको भत्ता प्रदान गरिने छैन।

तर कोभिड-१९ को सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचारमा अग्रपंक्तिमा खटिने सुरक्षाकर्मीमध्ये कुल कार्यरत सङ्ख्याको १० प्रतिशतमा नबढ्ने गरी संवत् २०७६ साल चैत १६ गते देखि बन्दाबन्दी कायम रहेको अवधि अर्थात संवत् २०७७ साल साउन ६ गते सम्मको प्रोत्साहन रकम नेपाल सरकारको संवत् २०७६ साल चैत १६ गतेको निर्णयानुसार खटिएका सुरक्षाकर्मीको जोखिम वर्गीकरणसहितको अभिलेख सम्बन्धित सुरक्षा निकायबाट प्रमाणित गरी प्राप्त भएपछि अर्थ मन्त्रालयले स्रोतको उपलब्धताको आधारमा निकासा दिन बाधा पर्ने छैन।

(५) अत्यावश्यक विषयमा थप आर्थिक दायित्व सिर्जना हुने गरी वा खाइपाई आएको भत्ता वा सुविधामा थप हुने गरी निर्णय गर्नुपर्ने भएमा सार्वजनिक निकायले त्यस्तो निर्णय गर्नु अघि अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(६) कानून बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकको लागि कार्यालय समयभन्दा बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र बैठक भत्ता उपलब्ध गराइनेछ। एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि बैठक भत्ता उपलब्ध गराइने छैन।

(७) उपदफा (६) बमोजिम समितिको बैठकमा विषय विज्ञ बाहेक आमन्त्रित सदस्यको रूपमा सहभागी हुनेले बैठक भत्ता पाउने छैन।



Scanned with CamScanner

(८) नेपाल सरकारको वार्षिक बजेटबाट सार्वजनिक निकायको लागि सञ्चालन अनुदान उपलब्ध गराइएकोमा सो अनुदान बाहेक नेपाल सरकारबाट थप दायित्व व्यहोरिने छैन। त्यस्तो संस्था वा विश्वविद्यालय आफैंले सङ्गठन संरचना निर्धारण गरी तलब, भत्ता वा अन्य सुविधा तोकी बजेट माग गरेकोमा त्यस्तो दायित्व नेपाल सरकारले व्यहोर्ने छैन।

७. <u>सवारी साधन सम्बन्धी:</u> (१) नेपाल सरकार वा वैदेशिक ऋणको स्रोतबाट सवारी साधन खरिद गरिने छैन।

तर अत्यावश्यक अवस्था परी कुनै सवारी साधन खरिद गर्नु पर्ने भएमा अर्थ मन्त्रालयको सहमति लिएर मात्र खरिद गर्नु पर्नेछ।

(२) सवारी साधन बापत सुविधा प्राप्त गर्ने सरकारी पदाधिकारीले प्रचलित कानून बमोजिम पाउने सवारी चालक, इन्धन र मर्मत बापत एकमुष्ट रकम उपलब्ध गराइनेछ। सो बाहेक थप सवारी साधन, इन्धन र मर्मत खर्च उपलब्ध गराइने छैन।

(३) अधिकारप्राप्त अधिकारीको अनुमति नलिई सार्वजनिक निकायको सम्बन्धित कार्यालयको कार्यक्षेत्र बाहिर सरकारी सवारी साधन प्रयोग गर्न पाइने छैन।

(४) सार्वजनिक निकायको पदाधिकारीले एक भन्दा बढी सरकारी सवारी साधन प्रयोग गर्न पाउने छैन।

(५) सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारी बाहेक कार्यालय प्रयोजनमा प्रयोग हुने सरकारी सवारी साधनको इन्धनको सम्बन्धमा अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका बमोजिम हुनेछ।



Scanned with CamScanner

८. <u>सम्पत्ति व्यवस्थापनः</u> (१) प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम गर्नुपर्ने सवारी साधन, उपकरण र मालवस्तु लिलाम गरी वा लिलाम गर्नु नपर्ने भए सोको जानकारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। काठमाडौं उपत्यकाभित्रको हकमा जिन्सी निरीक्षण गरी सबै सरकारी कार्यालयले आ-आफ्नो कार्यालयमा प्रयोगमा आउन नसक्ने सवारी साधन हेभी इक्वीपमेन्ट डिभिजन, काठमाडौंलाई तीन महिनाभित्र हस्तान्तरण गर्ने र उक्त कार्यालयले छ महिनाभित्र त्यस्ता सवारी साधन लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सोही उपदफा बमोजिमको जानकारी नपठाउने सार्वजनिक निकायको खर्च रोक्का गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयले महालेखा नियन्त्रक कार्यालयमार्फत अर्थ मन्त्रालयमा लेखी पठाउनेछ। त्यसरी लेखी आएमा अर्थ मन्त्रालयले त्यस्तो निकायको खर्च रोक्का गर्नु पर्नेछ।

(३) सार्वजनिक निकायले त्यस्तो निकाय वा संस्थाको लागि आवश्यक पर्ने वस्तु तथा सेवाको आँकलन गरेर मात्र खरिद गर्नु पर्नेछ। आवश्यकता भन्दा बढी हुने गरी वस्तु तथा सेवा खरिद गर्न पाइने छैन।

(४) सार्वजनिक निकायले अत्यावश्यक वस्तुको आपूर्ति, भण्डारण र वितरणलाई पारदर्शी र मितव्ययी बनाउनु पर्नेछ।

(५) कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तह र मालपोत कार्यालयको समन्वयमा



Scanned with CamScanner

आफ्नो क्षेत्रभित्र रहेको नेपाल सरकारको घर, जग्गा, सवारी साधन लगायतका सरकारी र सार्वजनिक सम्पत्तिको अद्यावधिक अभिलेख राखी सरकारी घर, जग्गा खाली रहेको भए त्यस्तो घर, जग्गा बहालमा लिई कार्यसञ्चालन गर्ने कुनै सार्वजनिक निकायलाई रिक्त रहेको वा प्रयोजन नभएको सरकारी घर, जग्गामा सार्ने व्यवस्था मिलाउनु पर्नेछ। त्यसरी स्थानान्तरण गरिएको अभिलेख एक प्रति महालेखा नियन्त्रक कार्यालयमा समेत पठाउनु पर्नेछ।

९. खरिद व्यवस्थापनः (१) सरकारी घर वा भवन भत्काई नयाँ भवन बनाउने सम्बन्धी खरिद कार्य गर्दा त्यस्तो घर वा भवन भत्काउने र नयाँ भवन बनाउने दुवै कार्य एउटै प्याकेजमा गर्नु पर्नेछ।

(२) विपद्, महामारी, प्रकोप, उद्धार, शान्ति सुरक्षा वा अति विशिष्ट पदाधिकारी सहभागी हुनुपर्ने विशेष अवस्थामा बाहेक अन्य प्रयोजनमा प्रयोग भएको हेलिकप्टरको भाडा सरकारी कोषबाट भुक्तानी गर्न पाइने छैन।

(३) सार्वजनिक निकायले विनियोजित बजेटको सीमाभित्र रही ठेक्का बन्दोबस्त गर्नु गराउनु पर्नेछ। अर्थ मन्त्रालयको सहमति नलिई दीर्घकालीन दायित्व सिर्जना हुने गरी ठेक्का बन्दोबस्त गर्न पाइने छैन। यसरी सहमति नलिई ठेक्का बन्दोबस्त गरेमा सम्बन्धित पदाधिकारी नै जिम्मेवार हुनेछ।

(४) सार्वजनिक निकायले उपलब्ध भएसम्म स्वदेशमा उत्पादित वस्तु वा सेवा खरिद गर्नु पर्नेछ।



Scanned with CamScanner

(५) सार्वजनिक निकायको संयन्त्रबाट सम्पादन हुन सक्ने ऐन, नियम, विनियम, कार्यविधि, रणनीतिक कार्ययोजना, मापदण्ड, निर्देशिका, मार्गदर्शन तर्जुमा वा सम्भाव्यता अध्ययन गर्ने जस्ता कार्य गर्दा परामर्शदाताबाट गराउन पाइने छैन।

(६) सरकारी काममा कागजको उपयोगलाई घटाउन सूचना प्रविधि प्रणालीमार्फत सम्भव हुने कार्य त्यस्तो प्रणालीमार्फत सम्पादन गर्नु पर्नेछ।

(७) एउटै निकायभित्र विभिन्न सफ्टवेयर खरिद नगरी एकीकृत सफ्टवेयर विकास गरी कार्यसम्पादन गर्नु पर्नेछ। सम्भव भएसम्म इमेलबाटै पत्राचार गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) कार्यालय सामान, औषधी जस्ता खरिदमा मितव्ययिता र पारदर्शिता कायम गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयले फ्रेमवर्क सम्झौताको विद्युतीय नमूना यो मापदण्ड प्रारम्भ भएको छ महिनाभित्र तयार गरी सञ्चालनमा ल्याउनेछ।

१०. <u>मापदण्डको पालना गर्नु पर्ने:</u> (१) यस मापदण्डको पालना गर्नु सबै सार्वजनिक निकाय र निकायको पदाधिकारी तथा कर्मचारीको कर्तव्य हुनेछ।

(२) प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन यो मापदण्डको अधीनमा रही आफू मातहतका सबै कार्यालय, पदाधिकारी एवं कर्मचारीलाई लागू हुने गरी आवश्यकता अनुसार मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गर्न सक्नेछन् ।



Scanned with CamScanner

(३) नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको सार्वजनिक निकायले यो मापदण्ड प्रारम्भ भएको पन्ध्र दिनभित्र यस मापदण्डको अधीनमा रही मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गर्नु पर्नेछ।

(४) लेखापरीक्षण गर्ने निकाय वा कार्यालयले प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गर्दा यस मापदण्डको पालना भए वा नभएको समेत परीक्षण गर्नु पर्नेछ।

११. <u>मापदण्ड पालनाको अनुगमनः</u> (१) यो मापदण्ड पालना भए वा नभएको अनुगमन गर्न देहाय बमोजिमको एक उच्चस्तरीय अनुगमन समिति गठन गरिएको छः-

| | | |
|---|---|---|
| (क) | मुख्य सचिव, नेपाल सरकार | - संयोजक |
| (ख) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ग) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (ङ) | महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | - सदस्य |
| (च) | सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय | - सदस्य |

(२) उपदफा (१) बमोजिमको समितिले अनुगमन गर्दा यस मापदण्डको प्रावधान उल्लङ्घन गरी नेपाल सरकारलाई हानि नोक्सानी पुग्न गएको वा पुऱ्याएको देखिएमा त्यस्तो हानि नोक्सानी भएको रकम असुल उपर



Scanned with CamScanner

गरी सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले यस मापदण्डमा आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्न सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो क्षेत्राधिकार अन्तर्गत सम्बन्धित जिल्लाभित्र प्रमुख जिल्ला अधिकारीले र आफ्नो मन्त्रालयको क्षेत्राधिकार अन्तर्गत सम्बन्धित मन्त्रालयको सचिव वा केन्द्रीय निकायको प्रमुखले यस मापदण्डको पालना गरे वा नगरेको अनुगमन गरी उपदफा (१) बमोजिमको समितिमा त्रैमासिक रूपमा प्रतिवेदन गर्नु पर्नेछ।

(५) यस मापदण्डको कार्यान्वयन नभएको सम्बन्धमा कुनै गुनासो वा उजुरी भए प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकाय वा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सकिनेछ। यसरी उजुरी प्राप्त भएमा सम्बन्धित निकायले आवश्यक छानबिन गर्नेछ।

(६) सार्वजनिक सेवालाई सहज र प्रभावकारी बनाउन सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायले नियमित अनुगमन, निरीक्षण र नियमन गरी त्यस्तो सेवामा स्वच्छता र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नु पर्नेछ।

१२. **प्रचलित कानून बमोजिम हुने:** (१) यस मापदण्डमा उल्लेख भएको विषयमा यसै मापदण्ड बमोजिम हुनेछ। यस मापदण्डमा नपरेका सार्वजनिक खर्चमा मितव्ययिता र

प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा परेका विषयमा सोही बमोजिम हुनेछ।

(२) कसैले यस मापदण्डको विपरीत हुने गरी कुनै कार्य गरेमा निजलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१३. <u>आवश्यक व्यवस्था मिलाउन सक्ने:</u> यस मापदण्डको कार्यान्वयनमा कुनै जटिलता उत्पन्न भएमा अर्थ मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

आज्ञाले,
शिशिरकुमार ढुङ्गाना
नेपाल सरकारको सचिव ।



Scanned with CamScanner